# कालिका नगरपालिका


# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३३ चितवन २०७९ माघ ०४ गते


# भाग–२

## कालिका नगर पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९


# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### रेडक्रससग्राम, चितवनको सूचना

# कालिका नगर पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०८/१५

नगरसभाबाट अनुमोदन मितिः २०७९/०९/२८

राजपत्र प्रकाशन मिति ः २०७९/१०/०४

**प्रस्तावनाः** राष्ट्रको चौथो अंङ्गको रूपमा रहेको आमसञ्चार माध्यममा आवद्ध रही कालिका नगरपालिका र यस नगरभित्रका गतिबिधिहरुलाई आमसञ्चारको माध्यमबाट जनता समक्ष पुर्‍याई जनताको सू-सचित हुने अधिकार प्रत्याभूतिका लागि चितवन जिल्लालाई कार्यक्षेत्र बनाई क्रियाशिल रहेका सञ्चारकर्मीहरुलाई कर्तव्य निर्वाहका क्रममा हुनसक्ने सम्भावित दुर्घटनाबाट संरक्षण गर्न सामुहिक दुर्घटना बीमा गर्न बाञ्छनीय भएकाले, कालिका नगरकार्यपालिकाले कालिका नगर प्रशासकीय कार्यविधि नियमित गर्ने, ऐन, २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ.।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१) यस नियमको नाम "कालिका नगर पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९ रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यक्रम" भन्नाले पत्रकार सामुहिक दुर्घटना वीमा कार्यक्रमलाई सम्झनुपर्छ।

ख) "कार्यालय" भन्नाले कालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ग) "क्रियाशिल पत्रकार" भन्नाले पत्रकार महासंघ चितवन जिल्ला शाखामा आवद्ध रही चितवन जिल्लामा रहेका सञ्चार माध्यममा कार्यरत पत्रकारलाई सम्झनु पर्छ।

घ) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देखिने र साङ्घातिक माध्यमबाट आकस्मिक वा अप्रत्याशित रूपमा घट्ने घटनालाई सम्झनुपर्छ।

ङ) “निर्देशक समिति" भन्नाले कार्यविधिको दफा ६ बमोजिमको निर्देशक समितिलाई सम्झनु पर्छ।

च) “निर्देशिका” भन्नाले दुर्घटना बीमा निर्देशिका, २०७८ र यसका संशोधनलाई सम्झनुपर्छ।

छ) “बीमा कम्पनी” भन्नाले बीमालेख जारी गर्न अधिकार प्राप्त विमा कम्पनीलाई सम्झनुपर्छ।

ज) “बीमालेख” भन्नाले बिमकले जारी गर्ने दुर्घटना बीमालेख, बीमालेखको तालिका, सम्पुष्टी तथा बीमालेखको संशोधनको तालिकालाई एकमुष्टरूपमा बुझ्नु पर्छ।

झ) “महासंघ" भन्नाले पत्रकार महासंघ, चितवन जिल्ला कार्यसमिति लाई सम्झनु पर्छ।

ञ) “सामुहिक दुर्घटना बीमा" भन्नाले बीमा कम्पन्नीहरूबाट गरिने निर्जिवन वीमा अन्तरगतको सामूहिक दुर्घटना बीमालाई सम्झनुपर्छ।

ट) “सञ्चारकर्मी वा पत्रकार" भन्नाले चितवन जिल्लामा रहेका सञ्चार माध्यमहरूमा आवद्ध वा स्वतन्त्र रूपमा कार्यरत पत्रकारलाई सम्झनुपर्छ।

ठ) “सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई चितवन जिल्लाभित्र सञ्चालमा रहेका टेलिभिजन, रेडियो, चतिवन जिल्ला भित्र प्रकाशन हुने छापा माध्यमका पत्रपत्रिका र कम्पनी रजिष्ट्रडको कार्यालयमा दर्ता भई सूचना तथा प्रसार विभागबा६ दर्ता प्रमाणपत्र प्राप्त गरेका अनलाई सञ्चार माध्यमलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## दुर्घटना बीमा सम्बन्धी व्यवस्था

**३) सामुहिक दुर्घटना बीमा गरिनेः**

१) चितवन जिल्लामा क्रियाशिल सञ्चारकर्मीहरूको कार्यालयको तर्फबाट बीमा कम्पनीसँग सम्झौता गरी सामूहिक दुर्घटना बीमा गरिनेछ।

२) उपदफा (१) बमोजिम बीमा गर्दा क्रियाशिल पत्रकारको छनौट संघले गरी कार्यालयलाई अनुसूची-१ को ढाँचामा सिफारिस गर्नु पर्नेछ।

३) सामुहिक दुर्घटना बीमामा सहभागी हुन क्रियाशिल पत्रकारले अनुसूची २ को ढाँचामा आवश्यक कागजात सहित सङ्घमा निवेदन दिनु पर्नेछ ।

४) क्रियाशिल पत्रकार छनौटको लागि सङ्घले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**४) बीमा कम्पनीको छनौट तथा सम्झौताः**

१) पत्रकारको सामुहिक दुर्घटना बीमा कार्यका लागि निर्जीवन बीमा कम्पन्नीहरूसँग प्रस्ताव माग गरी बीमा कम्पनीको छनौट गरिने छ ।

२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्दा कार्यालयले अनुसूची-३ बमोजिमक ढाँचामा कम्तीमा ३ वटा बीमा कम्पनीसँग प्रस्ताव गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताब बमोजिम बीमा कम्पनीको छनौट, सामुहिक दुर्घटना बीमा अन्तरगत प्राप्त हुने सुविधा (रक्षावरण) तथा बिमाङ्क रकम स्वीकृति निर्देशिक समितिबाट हुनेछ।

४) उपदफा (३) बमोजिम छनौट हुने बीमा कम्पनीसँग कार्यालयले सम्झौता गरी निर्देशक समितिबाट स्वीकृत अन्तिम क्रियाशिल पत्रकारको नामावली भएका पत्रकारको स्वीकृत बीमाङ्क रकम बमोजिमको दुर्घटना बीमालेख जारी गर्नु पर्नेछ ।

४) उपदफा (४) बमोजिम स्वीकृत नामावली सरोकारवाला सवैको जानकारीको लागि कार्यलयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद  नियमावली, २०६४ को सूविधालाई प्रयोग गरी सरकारी बीमा कम्पनीसँग सोझै प्रस्ताव माग गरि स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्न सकिनेछ ।

५) कार्यालयले छनौट भएको बीमा कम्पनीसँग सरोकारवालो सहभागिता र रोहवारमा बीमा सम्झौता हस्ताक्षर कार्यक्रम आयोजना गरी सम्झौता गर्न सक्नेछ ।

**५) बीमाङ्क रकम तथा बजेटको ब्यवस्थाः**

१) दफा ४  र दफा ५ बमोजिम सामुहिक दुर्घटना बीमा कार्यक्रमका

लागि कार्यालयले वार्षिक बजेट तथा कार्यक्रममा आवश्यक बजेटको व्यवस्था गर्नेछ।

२) उपदफा (१) बमोजिम बजेटको सीमा भित्र निर्देशक समितिबाट स्वीकृत प्रस्ताब र बीमाङ्कले खेप्ने संख्यामा पहिलो क्रमसंख्यामा रहेका पत्रकारहरूको कार्यालयले बीमा कम्पन्नीसँग सम्झौता गर्नु पर्नेछ।

२) कार्यालयले वार्षिक विनियोजन गरेको बजेट सीमाका कारण सङ्घबाट सिफारिस भएका सवै पत्रकारलाई कार्यक्रममा सहभागी गराउन नसकिने अवस्थामा निर्देशक समितिको निर्णयानुसार सङ्घ वा सम्बन्धित पत्रकारबाट नपुग रकमको हिस्सा उठ्ने गरी लागत साझेदारीमा सामुहिक दुर्घटना बीमा गर्न सकिनेछ।

## परिच्छेद-३

## निर्देशक समिति तथा दायित्व सम्बन्धी व्यवस्था

**६) निर्देशक समितिः**

१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एक निर्देशक समिति समिति रहनेछ।

२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| नगर प्रमुख, कालिका नगरपालिका | - संयोजक |
| अध्यक्ष, सुशासन समिति, कालिका नगरपालिका | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, कार्यालय | - सदस्य |
| सभापति, सङ्घ | - सदस्य |
| सूचना अधिकारी, कार्यालय | - सदस्य सचिव |

३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४) समितिले नगरउपप्रमुख, छनौट हुने बीमा कम्पनीले तोकेको प्रतिनिधि र अन्य विषय विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५) समितिका सदस्यहरूलाई कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड र आन्तरिक नियन्त्रण कार्यविधि) नियम, २०७९ बमोजिम बैठक भत्ता र मसलन्द उपलब्ध हुनेछ।

**७) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सामहिक पत्रकार दुर्घटना बीमा कार्यक्रमका लागि प्राप्त प्रस्ताब, स्किम बमोजिम बीमा कम्पनी छनौट गर्ने।

ख) सामहिक पत्रकार दुर्घटना बीमा कार्यक्रमका लागि बार्षिक स्वीकृत बजेटको परीधिभित्र रही विमाङ्क रकम स्वीकृत गर्ने।

ग) स्वीकृत बिमाङ्क रकम बमोजिम कार्यक्रमको लागि लाभग्राहीहरूको अन्तिम नामावली स्वीकृत गर्ने।

घ) कार्यक्रम कार्यान्वयन सन्दर्भमा नीतिगत निर्णय गर्ने, समन्वय तथा सहजीकरण गर्ने।

**८) महासङ्घको दायित्वः** सामूहिक पत्रकार दुर्घटना बीमा कार्यक्रममा

महासङ्घको दायित्व देहाय बमोजिम हुनेछः

क) सामहिक पत्रकार दुर्घटना बीमामा आवद्धहुन चितवन जिल्ला भित्रका क्रियाशिल पत्रकारहरूलाई आह्वान तथा सूचना गर्ने।

ख) सामुहिक दुर्घटना बीमामा आवद्ध हुन चाहने पत्रकारहरूको आवेदन र आवश्यक कागजात सङ्कलन गर्ने।

ग) कार्यालयले मागेको ढाँचामा क्रियाशिल पत्रकारको प्राथमिकता सूची र अन्य आवश्यक कागजपत्र कार्यालयमा पठाउने।

घ) निर्देशक समितिको बैठकमा प्रतिनिधित्व गरी कार्यक्रम सम्बद्ध निर्णयमा सहभागि हुने।

ङ) पत्रकारहरूको अधिकत्म हित प्रवर्द्धन हुने गरी दुर्घटना बीमाका सुविधाहरू उपलब्ध गराउने बीमा कम्पनीसँग पहल गर्ने।

च) दुर्घटना बीमा दाबी गर्न दुर्घटनामा परेका बिमितहरूलाई सहयोग गर्ने।

छ) कार्यक्रमको समीक्षा गरी सुधारका लागि रचनात्मक सुझाब दिने।

९) **बीमा कम्पनीको दायित्व**ः सामूहिक पत्रकार दुर्घटना बीमाको लागि छनौट हुने बीमा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछः

क) कार्यालयले मागेको ढाँचामा सामूहिक पत्रकार दुर्घटना बीमाको लागि निर्धारित समयभित्र कार्यालयमा प्रस्ताव पेश गर्ने।

ख) पत्रकारहरूको अधिकत्म हित प्रवर्द्धन हुने गरी दुर्घटना बीमा निर्देशिका, २०७८ ले निर्धारण गरेका सुविधा (रक्षावरण) र अन्य थप सुविधाहरू उपलब्ध गराउने।

ग) कार्यालयसँग सम्झौता गरि अविलम्ब निर्देशक समितिबाट अन्तिम छनौट भएको प्रस्ताव र क्रियाशिल पत्रकारको नामावली बमोजिमका पत्रकारहरू समेटिने गरी बीमालेख जारी गर्ने।

घ) बीमा रकम दाबीमा उच्च प्राथमिकता र संवेदनशिलता देखाई वीमा भुक्तानी गर्ने।

ङ) बीमा भुक्तानीको वार्षिक प्रतिवेदन कार्यालय र सङ्घमा पेश गर्ने।

च) निर्देशक समितिको बैठकमा सहभागि भई कार्यक्रम सम्बद्ध विषय तथा कार्यक्रम प्रभावकारिताका सन्दर्भमा राय परामर्श दिने।

## परिच्छेद -३
## विविध

**१०) प्रतिवेदनः**

१) कार्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण सहित वार्षिक प्रतिवेन कार्यालयले तयार गरी समिति मार्फत नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा कार्यालयले कार्यक्रम परिमार्जन, विस्तार वा खारेजी गर्ने सक्नेछ।

**११) विमाङ्क रकम भुक्तानीः** बीमा सम्झौतामा हस्ताक्षर सम्पन्न भए पश्चात सम्झौता बमोजिमको बिमाङ्क रकम कार्यालयले छनौट भएको बीमा कम्पनीको आधिकारिक बैंक खातामा भुक्तानी गर्नेछ।

**१२) कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका अन्य विषयहरू दुर्घटना बीमा निर्देशिका, २०७८ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

**१३) ब्याख्या तथा बाधा अड्चन फुकाउः** यस कार्यविधिमा उल्लेख भएका विषयको ब्याखा तथा  कार्यान्वयनमा आइपर्ने बाधा अड्चन फुकाउने अधिकार निर्देशक समितिलाई हुनेछ।

## अनुसूची-१
## (दफा ३ को उपदफा (२) को प्रयोजनको लागि)

मितिः..................

श्री कालिका नगरपालिका
रेडक्रशग्राम चितवन, चितवन

**विषयः पत्रकार सामुहिक दुर्घटना बीमामा कार्यक्रमको लागि क्रियाशिल पत्रकारहरूको नामावली पठाएको सम्बन्धमा।**

यस कार्यसमितिको समन्वय तथा तहाँ नगरपालिकाको वित्तीय सहयोगमा कालिका नगर पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९ बमोजिम चितवन जिल्लामा क्रियाशिल पत्रकारहरूको सामुहिक दुर्घटना बीमा कार्यक्रममा सहभागि हुन आवेदन दिएका देहायका क्रियाशिल पत्रकारहरूको प्राथमिकताक्रमको आधारमा नामावली पठाइएको व्यहोरा अनुरोध गर्दछु।

**देहायः-**

| प्राथमिकता क्रम | पत्रकारको नामथर | आमा बुवाको नाम थर | स्थायी ठेगाना | आवद्धता | जन्म मिति | नागरिकता नं. | जारी जिल्ला | प्यान नं. | मो. नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| | | | | | | | | | |

**संलग्नः**

– नागरिकताको फोटोकपी- थान २/प्रति आवेदक
– पासपोर्ट साइजको फोटो थान २/प्रति आवेदक
– प्रेस काउन्सिल पास वा आवद्ध सञ्चारमाध्यमको परिचयपत्र थान २/प्रति आवेदक

अध्यक्ष/सचिव
पत्रकार महासंङ्घ
जिल्ला कार्यसमिति, चितवन

## अनुसूची-२
## (दफा ३ को उपदफा (३) को प्रयोजनको लागि)

मितिः...............................

श्री पत्रकार महासंघ,
जिल्ला कार्यसमिति, चितवन

**विषयः- पत्रकार सामुहिक दुर्घटना बीमामा सहभागी गराइदिनुहुन ।**

तहाँ कार्यसमितिको समन्वय तथा कालिका नगरपालिकाको वित्तीय सहयोगमा कालिका नगर पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९ बमोजिम चितवन जिल्लामा क्रियाशिल पत्रकारहरूको सामुहिक दुर्घटना बीमा कार्यक्रम अन्तरगत मलाई सहभागि गराईदिनु हुन देहायक कागजात संलगन राखी निवेदन गर्दछु ।

**देहायः-**

१) नाम थरः ....................

२) सदस्यता नं......................................

३) आवद्धताः...................

४) संलग्नः

नागरिकताको फोटोकपी- थान ३
पासपोर्ट साइजको फोटो थान ३
प्रेस काउन्सिल पास वा आवद्ध सञ्चारमाध्यमको परिचयपत्र थान ३

निवेदक
दस्तखत

## अनुसूची-३
## (दफा ४ को उपदफा (२) को प्रयोजनको लागि)

मितिः…………………

श्री…………………………….. बीमा कम्पनी,

……………………………………………………………। (ठेगाना)

**विषयः- प्रस्ताव पेश गर्ने सन्दर्भमा.**

यस नगरपालिकाको स्वीकत वार्षिक कार्यक्रम र पत्रकार सामुहिक दुर्घटना बीमा कार्यविधि, २०७९ बमोजिम चितवन जिल्लामा क्रियाशिल पत्रकारहरूको सामुहिक दुर्घटना बीमा गर्नु पर्ने भएको हुँदा देहाय बमोजिम प्रस्ताब पेश गर्नुहुन निर्देशक समितिको मिति ………………………………. को निर्णयानुसार मिति ……………………….. भित्र यस कार्यालयमा देहायका विवरण संलग्न राखी प्रस्ताब पेश गर्नु हुन अनुरोध छ।

**देहायः-**

१) कम्पनी विवरण

२) सामुहिक दुर्घटना बीमाले समेट्ने दुर्घटना तथा अन्य सुविधाहरू (रक्षावरण)

३) विमाङ्क शुल्कः

१०० देखी -२०० सम्म

२०० देखी -३०० सम्म

३०० देखी ४०० सम्म

सदस्य सचिव

आज्ञाले,

**(केशव प्रसाद उपाध्याय)**

प्रमुख प्रशासकीय अधिकृत